नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प..सं. २०७९/८० शि. व्य.

च.नं.१२४ मिति:२०७९/०८/१२

**विषय: शिक्षक सरुवा सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय इकाई,

७७ वटै ।

श्री स्थानीय तह,

सबै ।

प्रस्तुत विषयमा २०७९ मा हुने स्थायी शिक्षकको खुला विज्ञापन तथा आ.प्र./बढुवाबाट पदपूर्ति गर्ने प्रयोजनार्थ २०७९ बैशाख देखि चैत्र मसान्तसम्म रिक्त हुने स्वीकृत दरबन्दी अन्तर्गतका शिक्षक पदहरुको विवरण यस केन्द्रको च.नं. २५४, मिति २०७९/०१/२१ को पत्र मार्फत माग भएअनुसार सम्बन्धित सबै शिक्षा विकास तथा समन्वय इकाईहरु मार्फत यस केन्द्रमा प्राप्त हुन आएबमोजिमको विवरणमा उल्लेख भएअनुसारकै पदसंख्या खुलाई विज्ञापन प्रयोजनका लागि यस केन्द्र मार्फत शिक्षक सेवा आयोगमा पठाइसकिएको सन्दर्भमा तहाँबाट माग गरी पठाइएको तहगत /विषयगत संख्या अनुसारको रिक्त दरबन्दीको स्थानीय तहगत/विद्यालयगत विवरण एकिन गरी अभिलेख राख्नुहुन र उक्त बमोजिमको रिक्त दरबन्दीमा कुनै पनि किसिमबाट सरुवा गरी स्थायी शिक्षक पदपूर्ति समेत नगर्नु नगराउनु हुन र सरुवा सहमती समेत प्रदान नगर्नुहुन निर्देशनानुसार अनुरोध छ ।

विज्ञापनका लागि भनी माग गरी पठाइएको उक्त रिक्त दरबन्दीमा स्थायी शिक्षक पदपूर्ति गरी शिक्षक सेवा आयोगबाट सिफारिस भई आएको स्थायी शिक्षक पदस्थापनामा असर पर्न गएमा सो को जिम्मेवार सम्बन्धित इकाई र स्थानीय तह नै हुनुपर्ने व्यहोरा समेत निर्देशनानुसार अनुरोध छ ।

बोधार्थ:

श्री शिक्षक सेवा आयोग,सानोठिमी भक्तपुर ।

राम बहादुर अधिकारी

शाखा अधिकृत